**नवौ जिल्ला परिषदवाट आ.व. २०७३।०७४ का लागि पारित नीतिगत निर्णयहरु**

जिल्ला परिषद २०७२ आ.ब. २०७३।०७४ का लागि आयोजित विभिन्न विषयगत समितिको बैठक तथा एकिकृत योजना तर्जुमा समितिको बैठक र जिविस बोर्डको सुझावका आधारमा तपशिल बमोजिमका निर्णयहरु पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं :-१**

जिल्ला विकास समिति गा.वि.स. एवं विषयगत कार्यालयहरुले योजना कार्यान्वयन गर्दा १४ चरण पार गरी सम्वन्धित परिषद्वाट पास भएका योजनाहरुलाई मात्र कार्यन्वयन प्रकृयामा अगाडी बढाउने । साथै गैर सरकारी संस्थाहरुले आफ्नो प्रस्तावित कार्यक्रमहरु जिल्ला परिषद्मा पेस गरेर मात्र कार्यान्वयन गर्नु पर्ने निर्णय गरीयो ।

**निर्णय नं :-२**

स्थानयि स्तरमा जनतालाई प्रत्यक्ष सेवा दिने निकायहरुको कामलाई छिटो -छरितो , पारदर्शी र सेवामुखी वनाउन स्विकृत दरवन्दि पूरा गराउन , जनशक्तिको विकास गर्न र मनोवल उच्च राख्न स्वदेसी तथा विदेसी तालिम , अवलोकन तथा भ्रमण साथै वृत्ति विकासका लागि आवश्यक व्यवस्थापन गर्न सम्वन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं :-३**

नियमित रुपमा जिल्लामा कार्यरत कर्मचारी एवं उत्कृष्ट काम गर्नेहरुलाई प्रोत्साहनको व्यवस्था गर्ने र नराम्रो काम गर्ने तथा जिल्लामा लामो समय सम्म अनुपस्थिति भई गैर जिम्मेवार हुने कर्मचारीहरुलाई कारवाही गर्न आवश्यक प्रवन्ध मिलाउने निर्णय गरियो ।

**निर्णय नं :-४**

जिल्ला विकास समिति मुगुमा रिक्त रहेका पदमा पदपूर्ति गर्न गठित पदपूर्ति समिति मुगुका अध्यक्षको पदावधि समाप्त भएकोले पहिलेकै अध्यक्षलाई पुन पदपूर्ति समितिको अध्यक्ष तोक्ने निर्णय गरियो ।

**निर्णय नं. :-५**

जिल्लामा विगत सातौ र आठौ जिल्ला परिषदहरुवाट जिल्ला विकास समितिमा गै. स. स. डेस्क स्थापना गर्ने भनिएकोमा हालसम्ममा सो निर्णय कार्यान्वयन हुन नसकेको हुनाले यस जिल्लामा कार्यरत गैर सरकारी कार्यालयहरुको कार्यक्रममा दोहेरोपन हुने र समन्वय अभावका कारण प्रभावकारी अनुगमन गर्न नसकिने भएको हुँदा गै. स. स. डेस्क अनिवार्य रुपमा स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. :-६**

जिल्लामा कार्यरत फर्म , कम्पनी , संघ - संस्था जस्ता सेवा प्रदायक निकायहरुलाई हरेक आर्थिक वर्षमा सुचिकृत को दायरामा ल्याई सुचिकृत भएका निकायहरुलाई मात्र काममा समावेस गर्ने गराउने निर्णय गरीयो ।

**निर्णय नं. :-७**

जिल्लामा रहेका विभिन्न करदाताहरुले नेपाल सरकारको राजस्व, कर , आयविवरण तथा करचुक्ताको लागी निकै दुःख पाइने र जिल्लामा धेरै राजस्व चुहावट हुने भएकाले उल्लेखित सेवाको व्यवस्थापन जिल्लामा गर्नका लागी अन्तरिक राजस्व कार्यालय अन्तर्गतका विभाग तथा मन्त्रालयहरुमा अनुरोध गर्ने निर्णय गरीयो ।

**निर्णय नं. :-८**

वालमैत्री स्थानिय शासन (CFLG ) कार्यक्रमलाई २४ वटै गाउँ विकास समितिमा सञ्चालन गरी वालमैत्री गा. वि.स. घोषणाका लागि आवश्यक पहल  गर्ने निर्णय गरियो ।

**निर्णय नं. :-९**

मुगु जिल्लाका स्थानिय गैरसरकारी संघ संस्थाहरुको क्षमता वृद्धि गर्न तथा काम गर्ने अवसर प्रदान गर्न अन्तराष्ट्रिय , राष्ट्रिय एवं क्षेत्रिय गैरसरकारी संस्थाहरुले मुगु  जिल्लामा दर्ता भएका स्थानिय गैरसरकारी संस्थाहरु संग  साझेदारी गरी कार्यक्रम संचालन गर्न आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. :-१०**

मुगु जिल्लामा  रहेको वेरोजगारी समस्यालाई न्यूनीकरण गर्नका लागि  गैर. स. स. हरुले जनशक्ति नियूक्ती गर्दा उपलव्ध भएसम्मका आवश्यक जनशक्ति  जिल्ला भित्रबाट प्रयोग गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. :-११**

मुगु जिल्ला कृषिमा आधारित र विविधतायुक्त  हावापानी भएको जिल्ला भएकोले यहाँको हावापनी सुहाउदो कृषि खेती प्रणाली अपनाउन आवश्यक  ज्ञान , सिप र क्षमता भएका जनशक्ति उत्पादनको लागी रारा शुष्क कृषि विश्वविद्यालय स्थापनाका लागी सम्वन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरीयो ।

**निर्णय नं. :-१२**

नेपाल सरकार संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयद्धारा जारी भएका ऐन , नियम , कार्यविधि तथा निर्देशिकामा सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरुवाट जवाफदेहिता पारदार्शिता प्रवर्धन गर्नको लगी नागरिक वडापत्र समुदायिक सुचना पाटी , गुनासो व्यवस्थापन सम्वन्धि कार्यहरु , अझ प्रभावकारी तथ नियमित रुपमा कार्यन्वयन गर्नको साथै सर्वजनिक सुनुवाई कार्यविधि २०६७ , सामाजिक परिक्षण कार्यविधि २०६७ अनुसार २४ वटै गा . वि. स. तथा जि. वि. स मा कार्यावन्यन गर्ने गराउने निर्णय गरियो  ।

**निर्णय नं. :-१३**

स्थानिय निकाय स्रोत परिचालन तथा व्यवसथापन कार्यविधि २०६९ को परिच्छेद - ५ दफा ३३ मा भएको व्यवस्था अनुसार स्थानिय निकायमा संचालित आयोजना तथा कार्यक्रमहरुमा ऐन नियम र कार्यविधि अनुसार सुपरिवेक्षण समितिलाई क्रियाशिल वनाई प्रगति प्रतिवेदनको आधारमा मात्र योजना तथा कार्यक्रम को मूल्याङ्कन तथा अन्य प्रक्रिया अगाडी वढाउने  निर्णय पारित गरीयो ।

**निर्णय नं. :-१४**

स्थानिय निकायहरुवाट संचालन गरिने योजना तथा कार्यक्रमहरुमा उपभोक्ता समिति गठन गर्दा स्थानिय निकायको अनिवार्य उपस्थिति प्रचलित ऐन नियम तथा कार्यविधि अनुसार कार्यान्वयन गर्ने निर्णय  गरियो ।

**निर्णय नं. :-१५**
जिल्ला विकास समितिमा कायरत कर्मचारीहरु नियमित रुपमा कार्यालयमा उपस्थित नहुने सम्बन्धी सर्वसाधारण वाट गुनासो आइरहेको सन्दर्भमा कार्यालयबाट प्रवाह हुने सेवा सुविधालाई प्रभावकारी बनाउन आ. व . २०७३/२०७४ मा डिजिटल अटेन्डेन्स सिष्टम (Digital Attendance System ) स्थापना गर्नका लागी आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. :-१६**
वि.सं २०६८ सालमा मुगु गाविस लाई नमुना गाविस भनि वजेट व्यवस्था मा घोषण भएकोमा सो कार्य हालसम्म पनि कार्यान्वयन नभएकोमा मुगु गाविस हरेक दृष्टीकोणले नमुना योग्य गाविस भएकाले उक्त गा.वि.समा आवश्यक दरवन्दि सिर्जना गरि नमुना गा.वि.स घोषणा गर्ने निर्णय गरीयो ।

**निर्णय नं. :-१७**
जिल्लाको समग्र पंजकिरण तथ्याङ्क तथा सामाजिक सुरक्षा पाउने लाभग्राहीको विवरण MTS System बाट कम्प्युटरकृत अध्यावधिक तथा प्रणाली सुदृढिकरण गर्नका लागी आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. :-१८**
बाहिरी जिल्ला बाट व्यापारि सामान ल्याएर भित्रीने मालबाहक गाडीहरु बाट स्थानीय कर बापत टयाक्टर रु. २५०, मिनिट्रक रु. २५०, ट्रक रु.५०० का दरले जिल्ला विकास समिति मुगुको संस्थागत विकासको लागी आर्थिक स्रोत संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं. :-१९**
वालमैत्री स्थानिय निकाय अवलम्वन तथा घोषणा गर्नको लागी २४ वटै गा. वि. स. मा कुल पुजिगत रकममा समपुरक कोष वमोजिमको रकम कट्टि गरी आउने रकमको न्यूनतम १५ प्रतिशत रकम बालवालिकाको क्षेत्रमा विनियोजन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. :-२०**
मुगु जिल्लामा सर्वसाधारण जनशक्तिले लोक सेवा आयोग दिनका लागी जुम्ला र सुर्खेत सम्म जानुपर्ने भई विभिन्न समस्याहरु वेहोर्नु पर्ने भएको हुदा सहज र सुलभ वातावरणका लागी यस जिल्लामा नै लोकसेवा आयोगको परिक्षा केन्द्र तोक्न सम्वान्धित निकायमा आवश्यक पहल गर्ने निर्णय गरीयो ।

**निर्णय नं. :-२१**
मुगु जिल्लाका सेवा ग्राहीहरुलाई कामको सिलासिलामा सव डिभिजन जुम्लामा गएर काम गर्नपर्ने भएको हुँदा वाटोमा हिमपात , वाढीपैरी , वर्षात आदिका कारण ले दुःख पाइने तथा ज्यान जाने समेत जोखिम भएकाले जूम्ला जिल्लामा अवस्थित सवै डिभिजन तथा सव डिभिजनका शाखा कार्यालयहरु मुगु जिल्लामा स्थापना गराउन सम्वन्धित निकायमा आवश्यक पहल गर्ने निर्णय गर्ने गरियो ।

**निर्णय नं. :-२२**

देश व्यापी रुपमा रहेको महिलाहरुको पाठेघर खस्ने समस्या यस मुगु जिल्लाका महिला हरुमा पनि व्यापकता देखिएको र यसको उपचारको लागी नेपालगंज सम्म जानु पर्ने र आर्थिक पनि धेरै चाहीने भएकोले यस जिल्लाका पाठेघर खसेका महिलाहरु उपचार सेवा लिनुवाट वन्चित भएका कारण जिल्ला अस्पतालमा अपरेशन गर्ने व्यवस्था र स्थानिय स्वास्थ्य चौकिहरुमा रिङ्ग राख्ने तथा प्रत्येक गा.वि.समा प्रसुति सेवा केन्द्रको स्थापना तथा सुदृढिकरण गर्न आवश्यक पहल गरिने निर्णय गरियो ।

**निर्णय नं. २३**

भौगोलिक विकटता दुर्गम र घना वस्ती भएका क्षेत्रका जनतालाई सरकारी सेवा प्रवाह सहज , सरल र छिटो र पारदर्शि वनाउन एकिकृत सेवा केन्द्र स्थापना गर्न नेपाल सरकारको नीति अनुरुप सोरु भेगको जिमा - ३ सोरुकोट र खत्याड भेगको श्रीकोट गाविस को माझ चौर साथै करान भेगको पुलु गाविसको पुलुमा स्थापना गर्न सम्वन्धित निकायमा आवश्यक पहल गर्ने निर्णय गरीयो । साथै बॉकी सेवा केन्द्र जिल्लाका पायक पर्ने स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

जिल्लाका केही गाविस हरुमा हालसम्म पनि व्यवस्थित कार्यालय भवन निर्माण हुन नसकि गाविस वाट प्रदान गरिने सेवा सुविधा प्रभावकारी हुन नसकेकोले तत्काल उक्त गाविसहरुमा व्यवस्थित भवन निर्माणको व्यवस्थाको लागी आवश्यक पहल गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २५**

आ. व. २०७३/२०७४ भित्र कार्कीवाडा गाविस लाई बालमैत्री स्थानिय निकाय घोषणा पश्चात बालमैत्री स्थानिय राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि २०६८ अनुसार जि वि स बाट दुई लााख (रु २,००,०००।०) पुरस्कारको व्यवस्था गर्नुपर्ने भएकोले सो को लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

जिल्ला विकास समितिमा विगत ५ वर्ष भन्दा बढि समय देखि अस्थायी करार पदमा काम गर्दै आउनु भएका कर्मचारीहरुले हुम्ला र जुम्लामा अस्थायी करार सेवामा कार्यरत कर्मचारीहरुको पद स्थाई गरीसकिएको उदाहरण प्रस्तुत गर्दै, मुगु जि.वि.स.को कार्यालयमा कार्यरत कर्मचारीहरुलाई पनि स्थायी गर्नु पर्ने माग गरेको र सो विषय माथि छलफल हुदा ५ बर्ष भन्दा बढि समय देखि कार्यरत जि.वि.स.का कर्मचारीहरुको पद स्थायी गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरीयो ।

**निर्णय नं. २७**

जिल्ला विकास समितिको कार्यालय मुगुको प्रशासन अनुदान तर्फको कम्प्युटर अप्रेटर (सहायक पाँचौ) तहमा जिल्ला विकास समितिको कार्यालय मुगुको प.सं.२०७१/०७२ च.न. १६६९ मिति २०७२।०३।१४ को पत्र अनुसार प्रशासन अनुदानमा सहायक कम्प्युटर अप्रेटर (सहायक चौथो) तहबाट श्री खड्गराज मल्ललाई कम्प्युटर अप्रेटर (सहायक पाचौं) तहमा कार्य सम्पादन मूल्यांकनका आधारमा बढुवा नियुक्ति दिइएको हुँदा उक्त पत्रलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**
संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको स्वीकृत कर्मचारी दरबन्दी अनुसार जिल्ला विकास समितिको कार्यालय मुगुमा पनि साधारण दरबन्दी तर्फ खरिदार/पंन्जिकाधिकारी रा.प.अनं. द्धितिय (सा.प्र.) पद १ दरबन्दी कायम भएकोले जिल्ला विकास समितिको कार्यालय मुगुमा खरिदार/पन्जिकाधिकारी रा.प.अनं.द्धितिय पद हाल सम्म पदपूर्ति नभएकोले उक्त पद कायम गरि पद पूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**
निजामति सेवा नियमावली २०५० (संशोधन सहित) नियम ७८ ख (९) बमोजिम कार्यसम्पादन मूल्यांकन फारामहरु बहालवाला पुनरावलोकनकर्ताबाट मूल्यांकन गर्न व्यवस्था भएको देखिएको र स्थानीय स्वायत्त शासन नियमावली २०५६ मा बहालवालाबाट पुनराबलोकनकर्ताबाट मूल्यांकन गर्ने स्पष्ट व्यवस्था नदेखिएकोले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरबार काठमाण्डौंको प.सं.२०७१/७२ च.नं. १४९३ मिति २०७१।०७।२० को प्राप्त पत्रमा स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६२ बमोजिम स्थानीय निकाय कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन सम्बन्धि व्यवस्था विनियममा तोकिए बमोजिम हुनेछ भनि उल्लेख भएकोमा कर्मचारी प्रशासन सम्बन्धी विनियम २०६७ मा समावेश नभएको हुँदा उक्त नियमानुसारको व्यवस्था जिल्ला विकास समिति, कर्मचारी प्रशासन सम्बन्धी विनियम २०६७ मा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**
स्थानीय स्वयत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले गरेको नीतिगत व्यवस्थम अनुरुप सहभागितामुलक विधिवाट तर्जुमा गरिएको मुगु जिल्लाको आवधिक जिल्ला विकास योजना २०७२।०७३ – २०७६।०७७ कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३१**
आ.व ०७०।०७१ तथा ०७१।०७२ को जिल्ला परिषदको निर्णय वाट कृषि क्षेत्रको विकास का लागी रणनितिक योजना तर्जुमा गर्ने निर्णय वमोजिम यस आ.व ०७२।०७३ मा कृषि विकास कार्यालयको अगुवाइ तथा अन्य सरोकार वालाहरुको समन्वयमा यस आ.व को मसान्त सम्ममा मुगु जिल्लाको १० वर्षे रणनितिक योजना निर्माण गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं ३२**
मुगु जिल्लामा खाद्यान्न तरकारी आलु तथा सिमि लगायत अन्य कृषि वालीहरुको उत्पादन उत्पादकत्व वृध्दि गर्न साथै व्यवशायिक तथा वैज्ञानिक खेति पद्यती विकास गर्नका लागी जिल्लाको सम्पुर्ण गा.वि.स .तथा वडाहरुको माटो नमुना संकलन तथा माटो परिक्षण गरि जिल्लाको समग्र खेति गरिने जमिनको उर्वरा शक्ति नक्सा तयार गर्ने कार्यलाई आ.व. ०७३।०७४ प्राथमिकता राख्ने निर्णय गरियो ।

**निर्णय नं ३३**
मुगु जिल्लाको खाद्य असुरक्षाको अवस्थालाई ध्यानमा राखी खाद्य संकटग्रस्थ, जोखिम अवस्था सुधार गर्न जिल्ला खाद्य सुरक्षा प्रतिकार्य योजना (Food security Response Plan) को मस्यौदा तयार भए वमोजिम योजना तर्जुमा गरि आ.व. ०७३।०७४ मा संम्वद्ध निकायहरुको समन्वयमा कार्यान्वयन गर्न विषेश पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं ३४**

यस जिल्लामा दिन प्रतिदिन वढदो दुग्ध पदार्थ र मासु को मागलाई सहज आपुर्ति गर्नुको साथै गुणस्तरिय पस्मिना उत्पादन गर्नलाई स्थानीय जातका पशु वस्तुहरुको नस्ल सुधार गर्न उन्नन जातका भाले पशुहरु वितरण गर्ने गरि प्राकृतिक गर्वधारणलाई  जोड दिने निर्णय गरियो साथै जिल्लामा व्यवशायिक पशुपालन प्रोत्साहन गर्नका लागी हिउद मौसममा आहारा आपुर्तिका लागी साइलेज तथा हे प्रर्दशनी जस्ता कार्यक्रमहरु जिल्लामा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३५**

जिल्लामा बिभिन्न समयमा घटिरहने प्राकृतिक विपत्ति तथा महामारीबाट कृषि बाली तथा पशु पंक्षि पालनमा पर्न जाने नोक्सानीबाट कृषकलाई राहत उपलब्ध गर्न अति आवश्यक कृषि तथा पशुपंक्षि बिमाका कार्यकमहरु प्रचार प्रसार तथा जनचेतना बढाउनको लागी बिमा सम्बन्धि अभिमुखिकरण कार्यक्रमहरु जिल्ला कृषि बिकास कार्यालय तथा जिल्ला पशु सेवा बाट संचालन गर्ने र यसकालागी संबद्ध बिमा कंपनीहरुको स्थानीय बिमा अभिकतर्ताको ब्यवस्था गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं ३६**

मुगु जिल्लाको कृषि पशुपालन तथा पर्यटन सम्भाब्यता सहित सांस्कृतिक पक्ष समेटिने गरी बृत चित्र निर्माण तथा सो को प्रचार प्रसार मार्फत यस जिल्लालाई देश तथा बिदेशमा समेत चिनाउन पहल गर्न आवश्यक भएकोले अनुमोदनको लागी पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३७**

यस जिल्लामा कियाशिल बेरोजगार युवालाई रोजगारको अवस्था श्रृजना गर्ने उदेश्यका साथ जिल्ला कृषि बिकास कार्यालय मार्फत बिगतमा कृषि कार्यकर्ता तालिम प्राप्त गरिसकेकाहरुलाइ उचित रोजगारी दिने ब्यवस्था मिलाउन गाबिसहरुलाई निर्देशन दिनका लागी पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं: ३८**

यस मुगु जिल्लामा  वैकिङ्ग कारोवार गर्ने एकमात्र वित्तिय संस्था राष्ट्रिय वाणिज्य वैक शाखा कार्यालय मात्र रहेको हुदा सरकारी गैह्र सरकारी तथा जनताका व्यक्तिगत आर्थिक कारोवार गर्न एकदमै चाप रहेको छ। एक मात्र वैकको अलावा कृषि विकास बैंकलाई वाणिज्य वैकिड कारोवार कार्यान्वय गर्नुपर्ने ,रा.वा.वैक ले ATM सेवा संचालन व्यवस्था गर्नुपर्ने र अन्य प्राइभेट बैकहरु स्थापना गर्न सम्वन्धित निकायमा सिफरिस साथ पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं: ३९**

पर्यटन विकास सगै जनताका  आय आर्जन कार्य जोडिने भएकोले पोखरा-काठमाडौ-जोमसोम देखी ताल्चा विमानस्थल सम्म हवाई सेवा विस्तारको हवाइमार्ग  जोड्न पर्यटन तथा नागरिक उडययन मन्त्रालयमा अनुरोध गर्नुका साथै जिल्लाको गौरवका रुपमा रहेको पर्यटकिय स्थलहरु रारा, ऋणमोक्ष दह, छायाँनाथ ,जिमा गा.वि.स.को तातोपनी गुफाको उचित प्रचार प्रसार र पर्यटकीय पदमार्गको पहिचान गर्नका  लागी सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं: ४०**

मुगु जिल्ला प्राकृतिक श्रोतका  आधारमा अति धनि छ स्थानीय श्रोत सिप,कला संस्कृति को उचित प्रयोग विकास प्रर्वधन गर्न सकेमा जिल्ला र जिल्लावासी को आर्थिक स्तरमा वृध्दि हुनुका साथै रोजगारी श्रृजना समेत हुने हुदा लघु उद्यम विकास विस्तारको लागी लघु उद्यम विकास कार्यक्रम MEDEP संचालन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं:४१**
मुगु जिल्ला प्राकृतिक श्रोत र साधनवाट संम्पन्न  धनि भएता पनि हाल सम्म उल्लेखिनिय उद्योग स्थापना हुन नसक्दा रोजगारी तथा आय स्तरमा वृध्दि हुन नसकेको कुरा लाई मध्यनजर गरी जडिवुटी प्रशोधन नेपाली हाते कागज तथा अल्लो प्राशोधन तथा वस्तु उत्पादन उद्योग स्थापना का लागी विषेश पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं: ४२**
जिल्लामा लघु घरेलु तथा साना उद्योग हरुको साथमा परम्परागत मानिस जन्मेपछि मृत्यु पर्यन्त आवश्यक कपडा सिलाइ गरि प्रयोग गर्नुपर्ने हुदा जिल्लामा २४ वटै गा.वि.स को माग अनुसार सिलाइका लागी  जिल्लामा एक सिलाइ कटाई तालिम केन्द्र स्थापना गर्न सम्वन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो  ।

**निर्णय नं: ४३**
यस जिल्लाको करान भेगमा पर्ने डोल्फु गा.वि.स मा रहेको तामा फलाम र सुन खानीको उचित व्यवस्थापन गरि त्यसको सम्वर्धन तथा उत्खननको लागी जिबिस मुगु  मार्फत खानी तथा भुगर्भ विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं: ४४**
यस जिल्लामा संचालनमा रहेका विभिन्न गैह् सहकारी संस्थाले विषयगत समितिमा प्रस्तावित कार्यक्रम तथा लक्ष्य प्रस्तुत गर्नुपर्नेमा हालसम्म केही संस्थाहरुवाट मात्र प्राप्त भएको र सम्पुर्ण गै.स.स वाट अनिवार्य रुपमा कार्यक्रम प्रस्तुत गरी जिल्ला परिषद वाट पास गराई कार्यक्रम कार्यान्वयन गर्न गराउन पहल गर्न का लागी सम्वधित निकाय लाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं: ४५**
आर्थिक विकास समिति अर्न्तगत पर्ने सरकारी तथा गैर सरकारी संस्थावाट संचाालन हुन प्रस्ताव भई आएका कृषि, वागवानी, जडीवुटी प्रशोधन, पशुपन्छी पालन, मत्स्यपालन, माहुरी पालन सहकारी वैक, तथा वित्तिय सेवा खानी उद्योग, व्यापार व्यवशाय तथा पर्यटन विकास सम्वन्धि प्रस्तावित कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं: ४६**
रारा प्राविधिक शिक्षालय, सोरान झो.पु. सेरी २।७, खुन्का झो.पु. सेरी ६, भुर्ने खोला झो.पु. सेरी ८, पुलु देखि ताखा खोला झो.पु., जुइना झो.पु. मुगु र हुम्ला जोड्ने, घट्टे कुलो सिंचाइ निर्माण ह्यांलु २ डुमाना, जडीबुटी संकलन केन्द्र सेरी ८ निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं: ४७**
कृषि विकास वैक मार्फत मुगु जिल्ला मा हालसम्म ७ करोड वरावरको आर्थिक विकास गतिविधिमा लगानी प्रवाह भैसकेको मा आगामी आ.व. ०७३।०७४ मा अनुमानित रु ९० लाख लगानी प्रवाह गर्ने लक्ष्य निर्णय गरियो ।

**निर्णय नं. ४८**
विद्यालयको अपग्रेड संगै शिक्षकहरुको पनि दरवन्दी थप्नु पर्ने । तालिम दिदा सम्बन्धित अध्यक्षको  सिफारिसमा हुनु पर्ने निर्णय कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४९**

क. इलाका स्वास्थ्य केन्द्र श्रीकोट ३ मा दरवन्दी नभएको हुदा दरवन्दी कायम गर्न पहल गर्ने

क. जिल्लालाई खाद्य संकटग्रस्थ घोषणा गर्न पहल गर्ने ।

ख. पत्रकारहरुलाई तालिमको व्यवस्था गर्न पहल गर्ने ।

ग. पर्यटन गुरुयोजना तयार गर्न पहल गर्ने ।

घ. रुगा गा.वि.स.मा रहेको तातोपानी सरक्षण गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५०.**

जिल्लाका सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बालविकास केन्द्रको आवश्यकता भएको हुदा बालसिकाईलाई प्रभावकारी बनाउन थप २९ वटा बालविकासकेन्द्र संचालनकालागि शिक्षा विभाग संग कोटा माग गर्ने ।

**निर्णय नं. ५१.**

जिल्लामा रहेका सामुदायिक विद्यालयहरुको संख्यात्म स्तर बढे पनि गुणात्मक पक्ष र शैक्षिक उपलब्धी स्तर दिनानुदिन खस्किँदै जान थालेको महसुस भएकाले विद्यालय व्यवस्थापनलाई जिम्मेवार बनाउने र अनुगमनलाई प्रभावकारी बनाउने निर्णय गरियो ।

**निर्णय नं.५२**

विद्यालय सुशासनलाई सरोकारवालामा अनुभुत गराउन विद्यालय गति विधिको पारदर्शिता मार्फत विद्यलाय व्यवस्थापनको उत्तरदायित्व अभिवृद्धि गर्ने र यसका लागि समाजिक परीक्षणलाई व्यवस्थित, यथार्थपरक र प्रभावकारी बनाउने निर्णय गरियो ।

**निर्णय नं. ५३.**

आगामी शैक्षिक सत्र २०७३ देखि प्राविधिक धारको माध्यमिक शिक्षा संचालनको तयारीमा रहेका उ.मा.वि. श्रीनगर, उ.मा.वि. नार्थपु र उ.मा.वि. श्रीकोटको लागि आवश्यक पुर्वाधारको व्यवस्था गरी गुणस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने र कर्णालीमा.वि. टोप्लामा उच्च माध्यिमक तह सञ्चालन तथा ए.स.एल.सी. को परिक्षा केन्द्र स्थापना गर्ने ।

**निर्णय नं. ५४**

शिक्षक व्यवस्थापनमा सुधार र क्षमता अभिवृद्धिका लागि विषय शिक्षक, प्रधानाध्यापक र वि.व्य.स. का लागि छुट्टाछुट्टै कार्यसम्पादन सुचकबनाई लागु गर्ने र यसका आधारमा पुरस्कार दण्डको व्यवस्थापन गरि विद्यालय शिक्षालाई जवाफदेही र गुणस्तरीय बनाउने निर्णय गरियो ।

**निर्णय नं. ५५**

जिल्लामा संचालित विद्यालयहरु भौगोलिक विकटतामा रहेका कारण थप मा.वि. तथा नि.मा.वि. संचालन गर्नु पर्ने र वर्तमान संविधानमा मावि. तह सम्मको शिक्षालाई मौलिकहकको रुपमा राखिएको तर स्थानीय स्रोतबाट विद्यालय संचालन गर्न सम्भावना भएकाले प्रा.वि. तहमा कक्षागत एवं नि.मा.वि. मा.वि. तहमा विषयगत न्यूनतम शिक्षकको व्यवस्था गर्न शिक्षा विभागमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.५६**

सन् २०१७ सम्ममा यस जिल्लालाई पूर्ण साक्षर जिल्ला बनाउने गरि सरकारी तथा गैर सरकारी क्षेत्रबाट अभियान संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५७**
नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक हक सुनिश्चित गर्न स्वास्थ्यनिति २०७१ बमोजिम पहुँच बढाउन प्रत्येक वडामा स्वास्थ्य संस्था विस्तार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५८**

जिल्ला अस्पतालमा स्थानीय निकायको योगदान बढाउन जि.वि.स.तथा स्थानीय गा.वि.स.बाट अस्पतालमा गुणस्तर कायम गर्न वार्षिक वजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५९**
पुर्ण खोप जिल्ला घोषणा गर्न कायम राख्न बहु आयामिक सहभागितामा कार्यक्रम तर्जुमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६०**
DIC Workshop बाट पहिचान गरिएका बाधा अड्चनहरु फुकाउन प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.६१.**
मातृशिशुको विरामी, कठिनाइ तथा मृत्युदर घटाउन Free Home Delivery जिल्ला घोषणा तथा कायमगर्न कार्यक्रम तर्जुमा गर्ने निर्णय गरियो ।

**निर्णय नं.६२.**
मुगुका इलाका हे.पो मा अ.न.मिको दरवन्दी कटौटी भएकोमा सो पद कायमगर्न तथा सबै संस्थाहरुको दरबन्दी मिलानगर्न O&M गर्न स्वास्थ्य मन्त्रालय र निजामति किताबखानामा अनुरोध गर्ने निर्णय गरियो|

**निर्णय नं. ६३.**
अस्पतालबाट निस्किने फोहोरमैला व्यवस्थापन गर्न निश्चित स्थान व्यवस्थापन गर्न माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६४.**
अस्पताल तथा सबै स्वास्थ्य संस्थाहरुमा खानेपानी, विद्युत, शौचालय, फोहोर मैला व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६५**
NGO हरुलाई अनुमति प्रक्रियामा सम्बन्धित सरकारी निकायसंग समन्वयात्मक ढंगमा कार्यक्रम कार्यान्वयन गर्ने तथा नियमित तथा आवधिक रुपमा रिपोर्टिङ अनिवार्य गर्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं.६६**
शिक्षा, स्वास्थ्य लगायत सामिजक विकासका क्षेत्रमा सूचना प्रविधिको प्रयोगमा जोड दिने र यसकालागि २४ वटै गा.वि.समा आवश्यक पुर्वाधारहररूको (लघुजलविधुत, शौर्य उर्जा र ईन्टरनेट सुविधाविस्तार) व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं.६७**
मगु जिल्लालाई सन २०१७ को अन्त्य सम्म वास्तविक रुपमा खुलादीसा मुक्त जिल्लाघोषणा गर्नकालागि बाँकी गा.वि.स.हरुलाई खुला दिसा मुक्त घोषणा गरी यसको निरन्तरताकालागि गा.वि.स. स्तरीय सरसफाई समितिको भुमिकालाई प्रभावकारी बनाई अनुगमनलाई चुस्त बनाउने निर्णय गरियो ।

**निर्णय नं. ६८**
स्वास्थ्य मानव विकासको एक प्रमुख सुचक र स्वस्थ जन शक्ति राष्ट्रिय सम्पत्ति भएको सन्दर्भमा मानव स्वास्थ्यलाई प्रत्यक्ष प्रभाव पार्ने र रोगबाट मुक्तिको लागि प्रमुख आधारको रुपमा रहेको सरसफाईलाई अभिवृद्धि गर्न शौचालय पश्चात साबुन पानीले हातधुने अभियानलाई प्रभावकारी रुपमा संचालन गर्ने र सन् २०१७ को अन्त सम्म प्रत्येक विद्यालय र घरधुरीमा साबुन पानी सहित शौचालयको व्यवस्था गर्ने गरी आवश्यक पूर्वाधार विकास गर्ने निर्णय गरियो ।

**निर्णय नं.६९**
खेलकुदलाई विद्यालय स्तर देखि विकास गर्न प्रत्येक विद्यालयमा खेल शिक्षक र न्यूतम खेलसमाग्री एवं खेलमैदानको व्यवस्था गर्न युवा तथा खेलकुद मन्त्रालय र शिक्षा मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७०**
सन् २०१७ सम्म जिल्ला लाई पूर्ण सरसफाई युक्त जिल्ला बनाउने लक्ष्य सफल गर्न प्रत्येक विद्यालयमा अनिवार्य रुपमा छात्रछात्रा र शिक्षक शिक्षिकाको लागि अलग अलग शौचालयको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७१**
सरकारी तथा गैर सरकारी एंव सामुदायिक संस्था र निजी उद्यम समेत स्थानिय स्तरमा महिला शसक्तीकरण तथा बालबालिका, जेष्ठ
नागरिक र अपाङ्गता भएका ब्यक्ति को हितका लागि कार्यरत सबै भागिदार (Stake-holders) माझ सहकार्यका लागि कार्यगत संञ्जाल स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७२**
संञ्जाल सदस्यका नीति नियमावलीमा जेष्ठ नागरिक, बालबालिका, महिला र अपांगता भएका लक्षित वर्गको समान र सक्रिय सहभागिता प्रवर्द्धन गरि मुल प्रवाहिकरण गर्न समन्वय स्थापित गरि एकद्धार प्रणाली लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७३**
स्थानीय स्तरमा विभिन्न क्षेत्रवाट संचालित महिला सशक्तीकरणका साथै बालबालिका, जेष्ठनागरिक एंव अपाङ्गता भएका व्यक्तिका हितका कार्यक्रमको लैंगिक सम्बेदानशीलता (न्भलमभच क्भलकष्तष्खष्तथ) को लेखाजोखा, अनुगमन तथा मुल्याङ्कन नियमित रूपमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७४**
मुगु जिल्लाका स्थानीय गैर सरकारी संघ संस्थाहरुको क्षमता अभिबृद्धि गर्न तथा काम गर्ने अवसर प्रदान गर्न अन्तराष्ट्रिय, राष्ट्रिय एवं क्षेत्रिय गैर सरकारी संस्थाहरुले मुगु जिल्लामा कार्यक्षेत्र बनाएर काम गर्नु परेमा मुगु जिल्लामा दर्ता भएका स्थानिय गैर सरकारी संस्थाहरुलाई अनिवार्य साझेदारी गरी कार्यक्रम संचालन गनु पर्ने निर्णय गरियो ।

**निर्णय नं. ७५**
संविधानले निषेध गरिसकेको छुवाछुत जस्तो समाजिक कुरीतिलाई पूर्णरुपमा अन्त गरी सुसंस्कृत समाज स्थापना गर्न सन् २०१७ को अन्त सम्म मुगु जिल्लालाई छुवाछुत मुक्त जिल्ला घोषणा गर्ने गरी आवश्यक पुर्व तयारी गर्ने र बाँकी गा.वि.स.हरुलाई छुवाछुत मुक्त गा.वि.स घोषणा गर्ने कार्य लाई अभियानका रुपमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७६**
नेपाल सरकारले तयार गरेको छाउपडी प्रथा उन्मूलन निर्देशिका २०६४ को पूर्ण कार्यन्वयन गर्न छाउपडी प्रथा उन्मूलन जिल्ला रणनीति एवं कार्ययोजना बनाई सन् २०२१ भित्र जिल्लालाई छाउपडी प्रथा मुक्त जिल्ला घोषणा गर्ने र प्रत्येक नि.मा.वि तथा मा.वि.मा स्यानिटरी प्याड, साबुन पानि सहित व्यवस्था भएको सुविधायुक्त छात्रा शौचालयको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७७**

यस जिल्लामा विगत लामो समय देखि बसोबास गर्दै आएका र आर्थिक समाजिक रुपले पछि परेका कुलाल साहनी र अन्य छुट दलित जातिहरु राष्ट्रिय दलित आयोगमा सुचिकृत हुन नसक्दा निजहरुले पाउने संविधान प्रद्धत अधिकार, सेवा र सुविधा एवं सहुलियत उपयोगबाट बञ्चित भएकाले यस्ता छुट जातिहरुको पहिचान गरि उक्त दलित जातिहरुलाई राष्ट्रिय दलित आयोगमा सुचिकृत गराउन संघियमामिला तथा स्थानीय विकासमन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७८**

स्थानीय सभ्यता र संस्कृतीको धरोहरको रुपमारहेका स्थानीय लोकवाजा जस्तै नरसिंह, सनाहि, हुड्को, ढोल, ताल दमाहा आदिको खोज एवं पहिचान गरि संरक्षण, सम्वद्धन एवं आधुनिकीकरण गर्दै लैजान विविधकार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७९**

यस जिल्लामा रहेका धार्मिक एवं संस्कृति र प्राकृतिक मनोरम पर्यटकीय स्थलहरुको पहिचान गरी तिनीहरुलाई स्वदेश तथा विदेशमा प्रचार तथा प्रसार गरी पर्यटन प्रवद्धनका माध्यमाट आयवृद्धि र रोजगारी सृजनामा मदत् पुर्याउने र सबै भाषा धर्म संस्कृति एवं परम्पराको समुचित संरक्षण एवं प्रवर्द्धनका माध्यमबाट समाजिकसद्भाव अभिवृद्धि गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८०**

यस जिल्लाका न्यून आयस्तर भएका विपन्न समुदायलाई रोजगारीको अवसरमार्फत राज्यको मूल धारमा ल्याउन नेपाली सेनाको भर्ना प्रकृयामा मुगु जिल्लालाई जिल्लागत कोटा निर्धारण गरी जिल्लाबाट छनौट गर्ने व्यवस्था गर्न रक्षा मन्त्रालयमा अनुरोध गर्ने । यसबाट नेपाली सेनालाई समावेशी बनाई राष्ट्रिय सेनाको अनुभुतिदिलाउने संविधानको परिकल्पना साकार पार्न मदत पुग्ने छ ।

**निर्णय नं. ८१**

सबै गा.वि.स.हरुमा गा.वि.स. सचिवहरुको पदपूर्ति नभएको अवस्थामा दुइ भन्दा धेरै गा.वि.स. एउटा सचिववाट संचालन गर्नु परेको छ । जनताको सहज पहुँच हुन नसकी सेवा प्रवाह झन जटिल भएको देखिएकोले जिल्लाका सबै गाविसको सम्पर्क कार्यालयहरु एकै ठाउँमा राख्नु पर्दा क्लष्टरको रुपमा राखि सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ८२**

सार्वजनिक सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाई ‘‘सेवाको वरिपरिजनता होइन जनताको वरिपरि सेवा‘‘ भन्ने सुशासनको अवधारणा साकार पार्न घुम्ती सेवा पद्धतीलाई व्यापकता दिदै बर्षमा कम्तिमा १ पटक प्रत्येक ईलाकामा एकिकृत रुपमा घुम्ती शिविर मार्फत सेवा प्रवाहको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८३**

नेपालको संविधानले नै समानुपातिक समावेशीको सिदान्तलाई आत्म साथ गरेको अवस्थामा यस जिल्लामा रहेका सबै सरकारी कार्यालय तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुले रोजगारीको अवसर प्रदान गर्दा दलित, महिला, जनजाति र अपाङ्गहरुलाई प्राथामिता दिईनेछ भनि उल्लेख भएता पनि व्यवाहरमा सुन्य जस्तै भएकाले आगामि दिनमा समावेशी, समानुपातिकलाई अर्थ पूर्ण रुपमा कार्यन्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८४**
जग्गाको कित्ता नापि प्रकियालाई निश्चित अवधिमा अद्यावधिक गर्ने नेपाल सरकारको नीती रहेको र यस जिल्लामा कित्ता नापि भएको २० बर्ष पुगि सकेकाले एक पटक जिल्लामा जग्गाको नाप नक्सा अद्यावधिक गर्न नापि विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.८५**
मुगु जिल्लाको सदरमुकाम गमगढीको दाया र बायाँ क्षेत्र तर्फ रहेको भुभाग बाढि पहिरोको उच्च जोखिममा परेको हुदा श्रीनगर गाविस वडा नं.९ ईमालमोर देखि सदरमुकाम सेमु सुरक्षा पोष्टसम्म र श्रीनगर गाविस वडा नं.२ खोलेगाड देखि कार्किवाडा गाविस वडा नं.९ रारा डिल बाघचोटसम्म बाढि पहिरो रोकथामका लागि तटबन्धन तथा वृक्षारोपण कार्यक्रम लागु गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ८६**
जिल्लाको पर्यटन प्रवर्द्धनमा जिल्लामा अवस्थित मनोमहक रारा ताल तथा अन्य महत्वपूर्ण स्थानहरुको वारेमा छापा तथा विद्युतिय माध्यमहरुबाट प्रचार प्रसार गर्न र आकर्षणका लागी बिभिन्न सहुलियत एकिकृत कार्यक्रम र प्रर्वद्धनात्मक कार्यक्रम संचालन व्यवस्थापनका लागी निर्णय पारित गरियो ।

**निर्णय नं.८७**
मुगु जिल्ला जैविक विविधताले धनि जिल्ला भएकोले यहाँ रहेका ताल, कुण्ड, गुफा, खानी , जडिबुटी वन्यजन्तु तथा तिर्थ स्थल र तातोपानीहरुका मूल आदिको संरक्षण र प्रर्बद्धनले यस जिल्लाको आयश्रोत तथा पर्यटन प्रर्बद्धनमा बृद्धि हुने हुदा जिल्लाको पर्यटन प्रर्वद्धनको विशेष प्याकेज तयार गरि दिनका लागि नेपाल सरकार सस्कृती तथा नागरिक उड्यान मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.८८**
मुगु जिल्लामा पाईने विभिन्न खालका जडिबुटीहरुको अध्ययन, अनुसन्धान , संकलन तथा प्रशोधन कार्य गर्नका लागि जिल्लामा एउटा जडिबुटी अध्ययन तथा प्रशोधन केन्द्र स्थापना गर्न आवश्यक देखिएको हुदा उक्त केन्द्र स्थापना गरि दिनको लागि वन तथा भुसंरक्षण मन्त्रालयमा अनुरोध गर्न पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.८९**
बढ्दो शहरीकरण तथा बिग्रदो बातावरणीय पक्षलाई मध्यनजर गर्दै सबै सरोकारवालाको सहभागितामा शहरी क्षेत्र बिद्यालय , सरकारी कार्यालय , सडक , पाखा एवं खोला किनारहरुमा बृक्षारोपण तथा विरुवा उत्पादन नर्सरी सञ्चालन कार्यक्रम कार्यन्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९०**
मुगु जिल्लामा पाईने जडिबुटी तथा गैर काष्ठ वन पैदावारको प्राकृतिक श्रोतको सर्वेक्षण गरी दिगो संकलन पद्धति अबलम्बन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९१**
मुगु जिल्लामा बढ्दो वन अतिक्रमण, अबैध वन कटानी , चोरी सिकारी तथा वन डढेलोलाई नियन्त्रण गर्न सहभागितामूलक र समन्वयात्मक संयन्त्र निर्माण गरी कार्यान्वयन गर्ने कार्यका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.९२**
मुगु जिल्लामा वन सम्पदामा आधारित उद्योग व्यबसायको बिकास तथा बिस्तारका लागि सार्वजनिक तथा सामुदायिक नीजि र साझेदारीको अबधारणालाई बढावा दिने कार्यक्रम लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं.९३**
यस जिल्लाको निर्माण कार्यमा प्रयोग हुने काठको माग अत्याधिक मात्रामा बढ्न गई वन श्रोतमा चाप बढ्न भएको हुदा वन बिनास हुने भएकोले सर्व साधारण जनताको घर निर्माणका कृषि औजार, दैविक प्रकोप एवं जनसहभागितामा संचालन हुने बिकास निर्माण बाहेकका अन्य ठेक्का पट्टा कामहरुमा प्रयोग हुने काठहरु जिल्लाको वन क्षेत्रबाट उपलब्ध नगराईने निर्णय गरियो ।

**निर्णय नं.९४**
यस जिल्लामा हरित क्षेत्र संग सम्बन्धीत निकाय बन , कृषि , पशुसेवा , जलश्रोत र वन तथा वातावरण संग सम्बन्धित गै.स.स संग समन्वय गरी एकिकृत रुपमा भुसंरक्षण कार्यक्रम तय गरि संञ्चालन गर्न सम्बन्धित सरोकारवाला निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.९५**
यस जिल्लाको पूर्व करान क्षेत्रको मुगु र डोल्फु गा.वि.स.का विभिन्न वन क्षेत्रमा पाईने बहुमुल्य (जीवन बुटी) यार्सागुम्बा हरेक वर्ष संकलन गर्ने शिलशिलामा संकलन कर्ताहरुबाट नियमानुसार वन प्रवेश वापत राजश्व अशुली गर्ने सर्न्दभमा सम्बन्धित गा.वि.स., जि.वि.स. र स्थानीयबासी मध्येबाट को कस्ले असुली गरि नियमानुसार राजश्व दाखिला गर्ने विषयमा सधै विवाद उत्पन्न हुने गरेकोले राजश्व संकलन कार्यमा अपारदर्शी देखि राजश्व संकलनमा बाधा अवरोध आउने भएको हुदा आगामी वर्ष देखि स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार सम्बन्धित सरोकारवाला निकायहरु विच समन्वय गरि एक छुटै नीति तय गरि कार्यान्वयन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.९६**
यस जिल्लाको पूर्व करान क्षेत्रको मुगु र डोल्फु गा.वि.स.का विभिन्न वन क्षेत्रमा पाईने बहुमुल्य (जीवन बुटी) यार्सागुम्बा संकलन गर्ने समय हरेक वर्षको जेष्ठको दोश्रो हप्ता उपर्यूक्त हुने भएता पनि सो अगावै अबैध रुपमा बार्षिक ठुलो संख्यामा मानिसहरु प्रवेश गरि संकलन , निकासी तथा पैठारी हुने गरेको यर्थाथतालाई मध्य नजर गर्दै सो कार्यलाई रोक लगाउनका लागि हरेक वर्षको बैशाख महिनाको पहिलो हप्ता देखि नै सो क्षेत्रमा सुरक्षा व्यवस्था तैनाथ राख्न व्यवस्थाका लागि जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय मुगुमा अनुरोध गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.९७**
मुगु जिल्ला जुडिबुटी पाईने प्रमुख जिल्ला भएकाले यसको संरक्षण तथा प्रर्बद्धनका साथ साथै जिल्लाको आन्तरिक राजश्व वृद्धिमा जडिबुटी प्रमुख हुन आउने देखिएकोमा विगतका आवहरुबाट जिल्लामा जडिबुटीको नियमानुसार निकासी तथा पैठारीको कर दरमा बृद्धि गरि यस क्षेत्रमा संलग्न जडिबुटी व्यवसाय गर्ने उद्यमीहरुबाट जानी जानी कर छली छिमेकी जिल्लाबाट निकासी पुर्जी जाने गरेको हुदा यस क्षेत्रको राजश्वमा गिरावट आएको जडिबुटी निकासीमा लगाएको करको दायरा दस्तुरमा पुन विचार गर्नु पर्ने देखिएको हुदा राजश्व परापर्श समितिको सिफारिस अनुसार गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.९८**
सामुदायिक वन उपभोक्ता समिति महासंघ मुगुको कार्यालय भाडा र दैनिक प्रशासनिक कार्य सञ्चालन गर्न आर्थिक अभावका कारण समस्या भएकोले सोको लागि आवश्यक बजेट व्यवस्था गरि दिन हुन सम्बन्धित सरोकारवाला निकाय (गा.वि.स., जि.वि.स.) मा आवश्यक बजेट व्यवस्थाका लागि अनुरोध गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.९९**
सहभागितात्मक योजना प्रक्रियाको चरणहरु अर्न्तगत यस विषयगत योजना तर्जुमा बैठकमा छलफल भएका विषयगत पारित नीति , कार्यक्रम र आयोजनालाई आगामी दिनहरुमा यस वन तथा वातावरण समितिका क्षेत्राधिकार भित्रमा

समेटिने विषयगत कार्यालय र गै.स.स.हरुबाट उच्च प्राथमिकताका साथ कार्यान्वयन तथा नीति अवलम्बन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१००**

यस वन तथा वातावरण समिति अर्न्तगत विषयगत योजना तर्जुमा समितिको बैठकमा विभिन्न बस्तीस्तर , समुदायबाट गाँउ परिषद , ईलाका स्तरीय योजना तर्जुमा समितिको बैठकबाट स्वीकृत तथा छनौट भई यस समितिमा निर्णयका लागि पेश हुन आएका विभिन्न योजना कार्यक्रमहरु माथि विस्तृत रुपमा विश्लेषण तथा छलफल गरी दोहोरोपना हटाई बस्ती स्तरको मागलाई उच्च प्राथमिकता दिई यसरी आएका ईलाका नं.१ देखि ९ सम्मका यस समितिको क्षेत्रधिकार भित्र पर्ने कुल १२५ वटा कार्यक्रम तथा योजना मागलाई प्राथमिकिकरण गरि विभिन्न सरकारी तथा गैर सरकारी कार्यालय संघ संस्थाहरुलाई कार्यान्वयन गर्न सिफारिसका लागि योजना छनौटको सूची र बजेट व्याख्या सहितको फारम बमोजिमका योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.१०१**

जिल्लामा वन क्षेत्र मासिदै गएको हुदा वन नर्सरी स्थापना गरि (एक सामुदायिक वन उपभोक्ता समुह एक नर्सरी स्थापना गरी) वृक्षारोपण गर्ने तथा भएका जंगलको संरक्षण गरि जिल्लाको पर्यावरणिय संतुलन कायम गर्न विशेष कार्यक्रम लागु गर्न सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०२**

सामुदायिक वन उपभोक्ता समूहहरुको कार्य योजना नविकरण नभई वन व्यवस्थापन तथा विकासमा गतिरोध उत्पन्न भएको अवस्थालाई मध्यनजर गर्दै जिल्लामा वन क्षेत्र मासिदै गएको हुदा वन नर्सरी स्थापना गरि वृक्षारोपण गर्ने तथा भएका जंगलको संरक्षण गरि जिल्लाको पर्यावरणीय संतुलन कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०३**

२० वर्षे वन नीति (२०७१-२०९०) लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन सम्बन्धित सरोकारवाला निकाय , जिल्ला वन कार्यालय र अन्य निकाय बीच समन्वयको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.१०४**.

जिल्ला बिकास समिति तथा जिल्ला प्राविधिक कार्यालय अर्न्तगत संचालित आयोजनाहरुको सडक , खानेपानी तथा सिंचाई लगायतका विभिन्न योजनाहरु संचालन गर्दा IEE तथा EIA गर्नका लागि प-र्याप्त बजेटको व्यवस्था नहुने भएको हुदा योजना संचलान गर्दा वातावरण मैत्री बनाउन बन क्षेत्र निर्माण कार्य संचालन गर्नु परेमा वृक्षरोपरण गर्नका लागि सम्वन्धित योजनाबाट केही रकम विनियोजन गरि योजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०५**

राजश्व परामर्श समितिमा यस जिल्लाबाट उत्पादित बस्तुहरु आयात निर्यातमा देहायको स्थानीय स्वायत्त शासन ऐन नियम बमोजिम निम्नानुसार स्थानीय कर सेवा शुल्क र दस्तुर लिन निम्न विवरणको बस्तुहरुको सूचि गर्न निर्णय गरियो ।

**निर्णय नं. १०६**

जिल्ला विकास समिति मुगु अर्न्तगत नयाँ कर्मरसियल भवन भाडामा लिई आएका संघ संस्था वा व्यक्तिहरु मध्ये नेहारिका स्टेशनरी सेन्टर मुगु लगायतले मिति २०७२।११।१० मा यस समितिमा घर भाडा घटाई पाउँ भनि दिएको निवेदन उपर छलफल गर्दा मुगु उद्योग व्यापार संघ मुगुले लगाएको घर भाडा (कोठा र सटर) भाडा बजारको दरभाउ भन्दा बढि हुनुको साथै बजारमा विक्रि व्यापार सन्तोषजनक नचलिरहेको अवस्थालाई विचार विमर्ष गर्दा घर भाडा लिने संस्था वा व्यक्तिलाई भाडामा पिरमर्का परेको स्वभाविक देखिएकोले नयाँ कमर्सियल भवनको भाडा संशोधन वा पुर्न विचार गर्न अति आवश्यक भएकोले सो व्यवस्थाको लागि आवश्यक प्रक्रिया अगाढी बढाउने निर्णय पारित गरियो ।

**निर्णय नं. १०७**
जिल्ला विकास समिति मुगु अर्न्तगतका सर्म्पूण कार्यक्रम (इकाई) बाट सञ्चालन हुने तालिम, सेमिनार, गोष्ठी र प्रशिक्षणहरु जिल्ला विकास समितिको आन्तरिक श्रोत (कोष) बृद्धिका लागि उक्त कार्यक्रमहरु अनेत्र बाहिर नगराई जिविस मुगुले तोकेको आन्तरिक कोष दस्तुर अनिबार्यरुपमा लिई जि.वि.स. मुगुका सभाहलहरुमा सञ्चालन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. १०८**
जिल्ला विकास समिति मुगु अर्न्तगत कर्मसियल भवन भाडामा लिई प्रयोग गरेका र गर्दै आएका संस्था वा व्यक्तिहरुलाई मासिक घर भाडा बुझाउने भनि पटक पटक पत्राचार गर्दा पनि उक्त घर भाडा रकम हालसम्म पनि नबुझाएको देखिदा भाडा नबुझाउने संस्था वा व्यक्तिहरुलाई घर भाडा बुझाई घर (सटर , कोठा) खालि गर्न लगाउने , बाँकी रकम नबुझाएमा असुल उपरको लागि प्रचलित ऐन नियम अनुसार कार्वाही अगाडी बढाउने निर्णय पारित गरियो ।

**निर्णय नं. १०९.**
धुवाँ रहित क्षेत्र घोषणाको लागि सुधारिएको चुलो वितरण त्यसको कार्यान्वयन गर्ने अभियान चलाउने र जिल्लालाई खुला दिशामुक्त क्षेत्र घोषणा गर्न सरकारी तथा गैरसरकारी निकायहरुलाई संयुक्तरुपमा परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११०**
खानेपानी आयोजना सम्पन्न गर्नुपर्ने आयोजनाहरुलाई सम्पन्न गर्ने र नहुने आयोजना अर्को आर्थिक बर्षमा प्राथमिकीकरणमा राख्ने र क्रमागत योजनाहरु सम्पन्न नभएसम्म नयाँ योजनाहरु सञ्चालन नगर्ने निर्णय गरियो ।

**निर्णय नं. १११**
मुगु जिल्ला अस्पतालमा खानेपानीको अभाव भई विरामीहरुको उपचारमा समेत असहज भएकोले उक्त अस्पताल र ठिनी वस्तीको लागी खानेपानी आयोजना स्वीकृत गरीदिन खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय मार्फत खानेपानी तथा सरसफाई मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११२.**
गमगढी बजारमा अव्यवस्थित रुपमा रहेको खुला पाईप तथा ढलको उचित निकास गरि बजार सरसफाईको प्रबन्ध मिलाउन खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालयको अगुवाईमा प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ११३.**
विगत ४० वर्ष पछि यताको सबैभन्दा लामो खडेरीका कारण जिल्लामा खाद्य सुरक्षामा समस्यामा पर्न गएकाले जिल्लाका खडेरीग्रस्त गाविसहरुमा खाद्य उत्पादनलाई वृद्धि गराउन सिचाई विभाग, जिल्ला सिंचाई सव डिभिजन कार्यालय, सामुदायिक सिचाई आयोजना र जिल्ला कृषि विकास कार्यालय लगायत अन्य सम्बन्धीत निकायहरुलाई सिचाईका आयोजनाहरु सञ्चालन गरि आय आर्जन तथा सिप विकास गराउनका लागि पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११४**
नेपाल सरकारले खोला र नदीहरुमा तुईन मुक्त अभियान शुरु गरीसकेको सन्दर्भमा यस जिल्लाको केहि स्थानमा अझै तुईन र काठे पुल वाट आवागमन गर्नु परी रहेको अवस्था विधमान रहेकोले आगामी आर्थिक वर्ष ०७३।०७४ को कार्यक्रममा राखेका सरकारी तथ गैसस कार्यालयका कार्यक्रम अनुसार झो.पु.निर्माण गर्ने र माग भएर आएका अति आवश्यक झो. पु. लाई प्राथमिकतामा राख्नका साथै गत जिल्ला परिषदबाट पास भई कार्यान्वयनमा नआएका तपशिलका झो.पु.हरुलाई निर्माण गर्ने निर्णय गरियो ।

तपसिल

**क.निर्माणतर्फ :**

१. वियानी खोला झो.पु. गम्था
२. देउसेगुम्बा मुगु ३
४ माग्री चाम्ली माग्री
५. ज्युलाघट्ट रोवा ४
६. धौलीगाड झोपु पिना २
७. ह्यागलु खोला झो पु
८. बुम्चखोला झो.पु. जिमा
९. निगाले खोला झो.पु. श्रीनगर
१०. कार्ति चाँगा झो.पु. किम्री ३,४,५ मुगु डोल्फु कर्णाली
११. तर्फि खोला झो.पु, सुगाढिक ४,५
१२. लेब्रा झो. पुल रुगा ८

**ख. मर्मत तर्फ :**

१. कालैगाड झो.पु.
२. तलखोला झो.पु.
३. अल्कासागु झो.पु.
४. सुम्लीखोला झो.पु.

**निर्णय नं. ११५**

यस जिल्लामा ग्रामिण सडक निर्माण कार्य तिव्रतर ढंगवाट भई रहेकोले जिल्ला सडक संजाल विस्तार र स्तर उन्नतीको लागी निम्न स्थानमा मोटरेवल (आर.सी.सी)पुल आवश्यक भएकोले स्थानिय आवश्यकता र औचित्यको आधारमा पुल.निर्माण गरीदिन डोलीडार लाई अनुरोध गर्ने निर्णय गरियो ।

क, कवा चिमाढुग्री सडक अर्न्तगत खत्याड खोलाको गम्था तलिवगर जोड्ने पुल ।
ख, गमगढी –गिलाह –सोरुकोट सडक खण्डको सिप मोटरेवल पुल
ङ, गमगढी –पिना ग्रामीण सडक खण्ड को चैनखोला
च, गमगढी –पिना ग्रामीण सडक खण्ड पिना खोलामा मोटरेवल पुल
छ. भट्टेचौर झुगाला मोटरवेल पुल (निर्माण प्रक्रियामा)
ज. बाजुरा मुगु जोड्ने झुगला कर्णाली मोटरेवल पुल ।

**निर्णय नं.११६.**

परम्परागत कृर्षि प्राणाली लाई बैज्ञानिक तथा आधुनिक कृर्षि प्राणाली अवलम्वन गर्नको लागि सिंचाइ योजना संचालन गर्न माग भएर आएका अति आवश्यक आयोजनाहरुलाई प्रथमिकतमा राख्ने निर्णय गरियो ।

**निर्णय नं. ११७**

२०७२।०१।१२ गते नेपालमा गएको भुकम्प र त्यसपछि आएका पराकम्पनहरुले जनधनको ठुलो क्षति व्यहोरनुपरेको इतिहास हामी माझ ताजानै छ । त्यस विगतलाई स्मरण गर्दै आगामी बन्ने भवन तथा अन्य संरचनाहरु निर्माण गर्दा गराउदा भुकम्प प्रतिरोधात्मक बनाउनका लागि सम्बन्धीत कार्यालयहरुले अनिवार्य कार्यान्वयनमा ल्याउने व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११८.**
जिल्लाका विद्यालय, स्वास्थ्य चौकी लगाएतका सम्पूर्ण सरकारी तथा गैर सरकारी कार्यालय द्धारा भवन निर्माण गर्दा बाल मैत्री, अपाङ्ग मैत्री तथा भुकम्प प्रतिरोद्धात्मक भवनका संरचनाहरु बनाउनका लागि कडाइका साथ लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११९**
जिल्लाका भौतिक पूर्वाधारका योजनाहरु निर्माण गर्दा अनुगमन , मूल्याङकन र गुणस्तर नियन्त्रणमा ध्यान दिनु पर्ने कुरामा जोड दिने निर्णय गरियो ।

**निर्णय नं. १२०**
यस जिल्लाको सदरमुकाम भित्रको सडक र आवास क्षेत्र व्यवस्थित बनाउन शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय जुम्लालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२१**
नेपाल पत्रकार महासंघ मुगु शाखाको आफ्नै कार्यालय भवन नभई भाडामा बस्दै आएको अवस्थामा महासंघको कार्यालय भवन निर्माणका लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२२**
नेपाल सरकारले यस जिल्लाको सोरुभेगका वासिन्दाहरुलाई सरकारी सेवा सुविधा सहज ढंगवाट प्रवाह गर्न ईलाका प्रशासन कार्यालय सोरुकोट स्वीकृत गरी सकेकोले त्यसका साथै जिल्लाका अन्य भेग खत्याड र करान भेगमा पनि ईलाका प्रशासन कार्यालयको स्थापनाका साथै सोरुभेगको पायक पर्ने स्थान सोरुकोट र अन्य भेगको हकमा पयक पर्ने स्थानमा ईलाका प्रशासन कार्यालयको भवन निर्माण गरि दिन शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय जुम्लालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२३**
जिल्लामा यस आर्थिक वर्ष ०७२।०७३ को कार्यक्रममा राखेका विभिन्न सरकारी तथा गैसस कार्यालयको भवन निर्माण आयोजनाहरु पूरा हुने खालका पूरा गर्ने र निर्माणाधीन आयोजनाहरुलाई द्रुत गतिमा अगाडि बढाउर्ने निर्णय गरियो ।

**निर्णय नं. १२४**
यस जिल्लाका ग्रामिण भेगमा निर्माण हुदै आएका सरकारी, गैह्र सरकारी तथा निजि भवनहरु निर्माणमा खटिने दक्ष कामदारलाई तालिम दिई ज्यामी तथा मिस्त्रीहरुको क्षमता अभिबृद्धि गर्ने कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२५.**
जिल्लाका भौतिक पूर्वाधार सम्बन्धि आयोजनाहरु कार्यन्वयन गर्दा वातावरण मैत्री , जलवायु परिवर्तन अनुकुलन हुने गरि योजना निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२६**
भौतिक पूर्वाधार सम्बन्धि आयोजनाहरु कार्यान्वयन गर्दा अनिवार्य रुपमा बिस्तृत प्राविधिक सर्वेक्षण, डिजाइन आई.ई.ई. र ई.आई. ए. प्रतिवेदन तयार गरेपछि मात्र उक्त योजनाहरु कार्यान्वयनमा ल्याउने प्रावधान व्यवस्था गर्ने निर्णय गरियो निर्णय गरियो ।

**निर्णय नं. १२७**
गमगढिमा  बजारमा बढदो जन्संख्यालााई ध्यानमा राख्दै अव्यस्थित सहरिकण  व्यबस्थित गर्न एकिकृत बस्ती विकास गर्ने  निर्णय गरियो ।

**निर्णय नं. १२८.**
नाग्मगाड –गमगढी देखि नाक्चेलाग्ना सडकले चिनको स्वशासित क्षेत्र तिव्वत सम्म आवागमन सहज वनाई नेपाल र चिन विचको व्यापारीक मार्गको रुपमा महत्वपुर्ण भुमिका खेल्ने भएको हुदाँ यस सडकलाई राष्टिय प्राथमिकता प्राप्त सडकको सुचिमा राखी पर्याप्त वजेट र जनशक्तीको व्यबस्था गरी सडक निर्माण कार्य द्रुत गतीमा अगाडी वढाउन सडक विभाग मार्फत नेपाली सेनाद्वारा कार्यसंचालन गर्नका लागि पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२९**
यस जिल्लाको DTMP अनुसार प्रथामिकतामा रहेका ग्रामिण सडकहरुको लागत अनुसारको बजेट व्यबस्था गरीदिन डोलीडारलाई
अनुरोध गर्ने निर्णय गरियो जस्तै:

क. भट्टेचौर–सोरुकोट भिई ग्रामिण सडक
ख. गमगडी –चंखेली दार्मा ग्रामिण सडक
ग. सेरी–बुमकाँडा रुम गमगडी ग्रामिण सडक
घ. रुगा–छाईल जडिवुटी मार्ग
ङ. गमगडी –धैनधुलाचौर ग्रामिण सडक
च. कालाकाँडा–कवा चिमाढुग्री सडक
छ. पाचे नेटा सुकाढिक सडक
ज. गमगढी सेरी नारङे गिलाहा सडक
झ. आम नखर्जी, खाडा, दह खर्क हुदै खेस्मालिका पद मार्ग

**निर्णय नं. १३०**
विगतका जिल्ला परिषदवाट समेत अनुमोदन हुदै आईरहेको खत्याडखोला बिराबगर सेरा (५०० KW ) साना जलविद्युत आयोजनाको सर्भे डिजाइन तथा लागत स्टीमेट समेत सम्पन्न भै TRC समेत पास भईसकेको हुदा उक्त आयेजनालाई अघि बढाउनका लागी आवश्यक वजेटको व्यवस्थाका लागि राष्ट्रिय योजना आयोगका साथै अन्य सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३१**
यस जिल्लामा संचालन भएका जलविद्युत आयोजनाहरु जुन निर्माणाधिन अवस्थामा रहेको आयोजनाहरु जस्तै : बिहानी खोला लघु जलविद्युत आयोजना गम्था ७, खत्याडखोला जलविद्युत आयोजना सेरी र माग्री विद्युतिकरण आयोजनालाई निर्माण तथा मर्मत सम्भारका लगि सम्बन्धित निकायमा बजेटको पहल गरिदिनका साथै यस जिल्लामा रहेको गमगाड साना जलविद्युत आयोजनाको वैकल्पीक रुपमा रहेका दिर्घकालिन संभावित जलविधुत आयोजनाहरु जस्तैः मौरीपोला खोला (शोभा लुम्स), लुम्लाखोला (जिमा), पापु छाईल खोला (माग्री) गोदेगाड खोला (रुगा) साना जलविधुत आयोजना निर्माणका लागि सम्बन्धीत निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३२**
यस जिल्लामा जलविद्युत संचालन हुन नसकेको ठाउँमा बैकल्पिक उपायको रुपमा सोलार वितरण गर्ने कार्यलाई जोड दिने निर्णय गरियो ।

**निर्णय नं. १३३**
हाल जिल्ला सदरमुकाम गमगढीमा मात्र इन्टरनेटको पहुँच भएकोले आगामि आर्थिक वर्ष भित्रमा जिल्ला भरिका २४ वटै गाविसमा इन्टरनेटको पहुँच पुर्‍याउन पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३४**
यस जिल्लाको पर्यटन विकासको लागि ताल , तलैया , सँस्कृतिक धरोहर , मठ मन्दिर , गुम्बा , झरना , कर्णाली नदीमा र्‍याप्टिङ्ग लगाएतका अन्य पर्यटन संग सम्बन्धित योजनाको संरक्षण र पर्वर्दनका लागि DTMP (District Torisum Master Plan ) र Home Stay बनाउनका लागि पर्यटन मन्त्रालयमा आर्थिक सहयोगको लागि जिल्लास्तरिय पर्यटन विकास समिति बनाई आवश्यक पहल गर्नका साथै तपशिलका योजनाहरुलाई कार्यान्वयनका सम्बन्धीत निकायमा पहल गर्ने निर्णय गरियो ।

क. रारा देखि दोल्फु से–फोक्सुण्डो पर्यटकीय पदमार्ग
ख. सोरुकोट –चौरेल्नी माई पर्यटकीय पदमार्ग
ग. छाँयानाथ पर्यटकीय पदमार्ग
घ. रिडीमोक्ष पर्यटकीय पदमार्ग
ङ. सीप देखि तातोपानी पर्यटकीय पदमार्ग ,जिमा
च. रातापानी मणीदह हुदै नाउली छेडेदह पर्यटकीय पदमार्ग कोटडाडा
छ. वर्मा देखि धैनकोट थान हुदै लामाकादसम्म पर्यटकिय पदमार्ग नार्थपु।
ज. डाडाखलादेखि मस्टामाडु सम्मको पर्यटकीय पदमार्ग सुकाढिक
झ. भवानी माडु देखि डाडाखोला सम्मको पर्यटकीय पदमार्ग सुकाढिक
ञ. रारा सेरी गम्था खेस्मालिका पदमार्ग
ट. सेरी तर्मामाई हुदै रारा पर्यटन पदमार्ग
ठ. रारा गमगढि दुधेदह पदमार्ग
ड. रुगा तातोपानी मा आवश्यक संरचनाहरु निर्माण गर्ने ।
ढ. भाडछा तिर्थस्थल निर्माण कोटडाडा १ देखि ४ सम्म ।

**निर्णय नं. १३५**
रुगा ७ माल्की देब तटबन्ध, श्रीनगर २ मष्टा मन्दिर, श्रीनगर २-४ भूमे मन्दिर र रुगा देखि थार्प हुदै मालिका पद मार्ग निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३६**
यस जिल्लामा रहेको रारा तालको प्राकृतिक सुन्दरतालाई जोगाईराख्न तथा आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षित गर्नका लागि रारा तालको आवश्यक ठाउमा तटबन्धन र विभिन्न स्थानमा View Tower निर्माण गर्नका लागि पर्यटन वोर्ड लगायत सम्बन्धीत निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३७**
मुगु जिल्लालाई पर्यटकीय स्थलका रुपमा विकास गर्नका लागि गमगढी ताल्चा, ताल्चा मिलिचौरहुदै मुर्माटपसम्म

केवुलकार सञ्चालनकालागि सम्बन्धीत निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३८**
करान भेगको उतरीभेगमा पर्ने नाग्चे नाग्ला सिमाना निश्चित समयमा हाटबजार खुल्ला हुदा आर्थिक कारोबार संचालन गर्दा बाराम्बार समस्या आई रहने भएकाले उक्त समस्या समाधानका लागी नेपाल सरकार र चिनियाँ सरकार बिच समन्वय गरी सटही बैक स्थापनाका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३९**
खत्याड खोला लगायत यस जिल्लाका अन्य खोला तथा नदिनालाहरुमा नदि नियन्त्रण आयोजनाको गुरु योजना तयार गर्नका लागी जल उत्पन्न प्रकोप तथा नदि नियन्त्रण बिभाग पुल्चोक ललितपुरमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४०**
यस जिल्लाको समग्र क्षेत्रमा विशेष योगदान दिन हुने भुतपूर्व माननीय स्व.श्री कृष्णबहादुर मल्ल र श्री तेजबहादुर भाम को शालीक राख्न ईलाका नं १ वाट माग भईआएको र सातौ जिल्ला परीषदवाट निर्णय भई सकेको सर्न्दभमा स्व.श्री कृष्णबहादुर मल्लको शालीक सदरमुख गमगढी वजारको जिल्ला विकास समितिको कमरसियल भवन/प्राविधिक कार्यालय नजिकको चोकमा र स्व.तेजबहादुर भामको शालीक ताल्चा मुगुमा स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४१**
यस जिल्लामा हालसम्म पनि सार्वजनिक मञ्च (स्थल), वसपार्क र कर्वड हलको व्यवस्था नभएको हुदा सम्बन्धीत निकायमा आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४२**
शिक्षा, स्वास्थ्य, सडक, विद्युत, मोटरेवल पुल आदि लगाएतका भौतिक पुर्वाधारका क्षेत्रहरुमा सहयोग गर्नका लागि अर्थ र पराराष्ट्र मन्त्रालयमार्फत चिनिया राजदुतावासलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४३**
नाक्चेलाग्ना गमगढी सडक खण्डको निमाण कार्य प्रगति एकदम धिमाह गतिमा अगाडी बढिरहेकोले यसको निर्माण कार्यलाई तिब्रतर तरिकाले अगाडि बढाउनका लागि यस जिल्लाको संस्कृति, पर्यटकिय स्थल, यहाँका जनताहरुको रितिरिवाज, रहनसहन ,चालचलन, लवाखवाई समेत विस्तृत वस्तुस्थीति झल्कनेखालको डकुमेन्ट्री बनाई सडक विभागमा गमगढि नाक्चेलाग्ना राष्ट्रिय राजमार्ग निर्माणका लागि यस जिल्लामा आयोजनाको कार्यालय स्थापनाका लागि सर्वदलिय, सर्वपक्षिय, कार्यदल वनाई आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४४**
आगामी वर्षदेखि सरकारी तथा गैह्र सरकारी कार्यालयहरुले योजना वर्ष (निश्चित वर्ष) तोकी त्यसको कार्यान्वयनको रुपमा अभियान चलाउने निर्णय गरियो ।

**निर्णय नं. १४५**
यस जिल्लामा हालसम्म खत्याड भेगमा एउटा मात्र प्राविधिक शिक्षालय संचालनमा रहेकोले यस जिल्लाको सदरमुकाम गमगढीमा विभिन्न विषय पढाई हुने खालको प्राविधिक शिक्षालय स्थापनाका लागि सम्बन्धीत निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४६**
यस जिल्लामा विभिन्न विभागहरु जस्तैः सडक विभाग, भवन डिभिजन र नदि नियन्त्रण तथा  तटबन्धनको सर्म्पक कार्यालय स्थापनाका लागि सम्बन्धीत निकाया आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४७**
सरकारले भ्रष्टचार नियन्त्रण विभिन्न ऐन कानुन वनाइसकेकोले यस जिल्लामा पनि त्यसको न्युनिकरणका लागि आवश्यक सहजिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४८**
नाग्मा गमगढि सडक खण्डलाई यथाशिघ्र कालोपत्रे वनाउनका लागि सडक विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४९**
वडा, गाउ, ईलाका, विषयगत, एकिकृत योजना हुदै जिल्ला परिषद (१४ चरण ) बाट पास भैआएका योजनाहरुको कार्यन्वयन नभई अन्य वाटो भएर आएका योजनाहरुले प्रथामिकता पाएको भन्ने जनगुनासो आएकोले त्यसलाई निरुत्साहित गर्न स्थानिय निकाय वार्षिक विकास योजना तर्जुमा दिग्दर्शन, २०७१ लाई अनिवार्य कार्यान्वयनमा ल्याउन आवश्यक कार्यार्थका लागि सवैकालागि जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. १५०**
प्रत्येक सरकारी तथा गैह्रसरकारी कार्यालयहरुले बजेटको बाडफाँड गर्दा अनिवार्यरुपमा समानुपातिक र समावेशीका आधारमा गर्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं. १५१**
जिल्लामा सञ्चालन भएका सम्पुर्ण आयोजनाहरुको अनुगमन गर्नका लागि जिल्ला स्तरिय अनुगमन समिति बनायता पनि त्यसको प्रभावकारी कार्यान्वयन नभएकोले उक्त समितिलाई प्रभावकारी कार्यान्वयन गराउने निर्णय गरियो ।

**निर्णय नं. १५२**
जिल्लामा रहेका सतह सिचाई, भुमिगत सिचाई, लिफ्टिङ्ग सिचाई, थोपा सिचाईको संभाव्यता अध्ययन तथा कार्यान्वयन गर्नका लागि जिल्ला सिचाई गुरुयोजना DIMP (District Irrigation Management Plan) बनाउनका लागि आवश्यक वजेट व्यवस्थाका लागि सम्बन्धीत निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५३**
कुनैपनि कार्यालयहरुले आयोजनाको कार्यान्वयन गर्दाखेरी त्यसको एबिल बनाई त्यसको कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५४**
जिल्लाको बिकासका लागि साना तिना योजना भन्दा तपशिलमा उल्लेखित महत्वपूर्णक योजनाहरुलाई प्राथमिकतामा राख्ने र कार्यान्वयन  र आवस्यक बजेट ब्यबस्थाका लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

- गठगढी - नाक्चे लाग्ना सडक,

- श्रीनगर-३, भट्टेचौर र सुकाढिक -१ झुगलामा RCC पुल
- गमगढी बस पार्क , गमगढी कमर्डहल को लागी मैदान ।

**निर्णय नं. १५५**

जिल्लामा संचालित सडक सम्बन्धि तपशिलका क्रमागत योजनाहरुको समयमै निर्माण कार्य सम्पन्न गर्न प्रयाप्त बजेटको व्यवस्था गर्न र प्राप्त भएको बजेट समयमै सदुपयोग गरि निर्माण कार्य संचालन गर्ने लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

- नाग्मा गमगढी सडक स्तर उन्नति,
- सेरी नारङ्गे गिलाहा सडक निर्माण योजना,
- पाँचे नेटा सुकाढिक सडक निर्माण योजना,
- रुँगा छाईल जडिबुटी पहुँच मार्ग

**निर्णय नं. १५६**

जिल्ला बिकास समिति अर्न्तगत संचालित कर्णाली रोजगार कार्यक्रम ले चालु आ.ब कर्णाली रोजगार कार्यक्रम संचालन निर्देशिका २०७१ तथा आगामि आ.ब २०७३।७४ मा अफ्ना योजनाहरुको संचालन कर्णाली रोजगार कार्यक्रम संचालन निर्देशिका २०७१ (पहिलो संशोधन २०७२) अनुसार गर्ने र आगामि आ.ब २०७३।७४ मा जि.बि.स ले आफ्नो बजेट बाट यस कार्यक्रमका लागि १ (एक) प्रतिशत बजेट अनिवार्य रुपमा समपुरक कोषमा छुट्याउन र कार्यक्रमको लागि मन्त्रालयबाट प्राप्त बजेट अख्तियारीमा थप गरि जिल्ला स्तरीय समन्वय समितिबाट एकिकृत बार्षिक कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५७**

मुगु जिल्लामा विकास निर्माण सम्बन्धि विभिन्न कार्यहरु गर्दा वातावरणलाइ असर पार्ने, खालका ठूला मेशिनरी औजारहरुको प्रयोगमा नियन्त्रण गर्ने तर वातावरणलाइ हानि नपुर्याउने र काम गर्दा सहज हुने खालका मेशिन औजारहरुलाइ प्रयोग गर्नमा प्रोत्सहान गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १५८**

जिल्ला विकास समितिमा कार्यरत कर्मचारी श्री केशर वहादुर रावलले जि.वि.स अर्न्तगत संचालित उपाप कार्यक्रममा कम्प्युटर अप्रेटर पदमा काम गर्नेक्रममा तालिमको सिलसिलामा जादा ल्यापटप सहित विविध सामाग्रिहरु हराएको र ईलाका प्रहरी कार्यालयमा उजुरी दिदा समेत नपाएको साथै स.ई. धन बहादुर थापा जिम्मा रहेको हेलिकोप्टर दुर्घटनाबाट क्षेती समेत भएका डेस्कटप कम्प्युटर,स.ई. प्रेम बुढा जिम्मा रहेको ल्याप्टोप कम्प्युटर हराएको सामानहरु र कार्यालयमा रहेका पुराना जिन्सी समान मर्मत हुन नसक्ने , लिलाम पनि नहुने खालका सामानहरुको मिनाहाको प्रकृया अगाडी बढाउने गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५९**

मुगु जिल्लाको रारा गाविस वडा नं. ८,९ माझ घट्टमा स्थापित हेल्प नेपाल हेल्थ पोष्टमा सम्पूर्ण भौतिक पूर्वाधारको व्यवस्था भएको तर जनशक्ति नभएको हुदा ल्याब टेक्नीसीएन १ र अनमी १ दरवन्दि मागको लागी सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६०**
यस जिल्ला विकास समिति तथा जिल्लाको समग्र विकासको लागि आफ्नो कर्तव्य ईमान्दारी तथा बफादारीका साथ पुरा गर्ने कर्मचारीहरुको बृद्धि विकास तथा उच्चमनोवल कायम राख्न जिल्ला विकास समिति मुगुवाट रु.१००००।-(दश हजार) बजेट विनियोजन भएकोले तपशिल बमोजिमका कर्मचारीहरुलाइ कदर पत्र सहित नगद रु.५०००।- का दरले पुरस्कृत गर्ने निर्णय गरियो ।

तपशिलः

१. श्री सुरेश कुमार थापा, आई.सी.टी. ईन्जिनियर, जिल्ला विकास समिति, एल. जि.सी.डि.पी., मुगु ।
२. श्री जोर बहादुर बढुवाल, कार्यालय सहयोगी, जिल्ला विकास समितिको कार्यालय, मुगु ।

**निर्णय नं.१६१**
मुगु जिल्लासंग जोडिएका हुम्ला, जुम्ला,कालिकोट र बाजुरासंग सम्बन्धित सिमा विवाद समाधानको लागि कार्यदल बनाइ समाधान गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६२**
वन सम्बन्धि राजस्व सम्बन्धमा प्रचलित ऐन कानुन अनुसार कार्य विधि बनाइ कार्यान्वयन गर्ने र आगामी २ वर्ष बृक्ष रोपण वर्ष घोषण गर्ने निर्णय गरियो ।

**निर्णय नं १६३**
चिनसंग सिमाना जोडिएका पाँचवटा गाविसलाइ शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधार निर्माण गर्न सहयोगकालागि नेपाल सरकार मार्फत चिन सरकारलाइ पहल गराउन निर्णय गरियो ।

**निर्णय नं १६४**
सरकारी कार्यालयलाइ बालमैत्री बनाइ छवाछुत र छउपडी मुक्त गर्न आगामी बर्षमा अधियान बनाई कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १६५**
दुध र मासुका लागि विशेष अनुदान दिने व्यवश्था गर्न सम्बन्धित फर्म संचालन गर्न चाहाने लाइ प्रोत्साहन गर्ने करान भेगमा आवाशिय विधालय स्थापना गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं १६६**
पुराना पास गरेका योजनाहरूको पनि आवश्यकता पहिचान गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं १६७**
तुईन मुक्त गर्ने सरकारको लक्ष्य पुरा गर्न तुइन मात्र नभै काठेपुल भएका ठाउमा समेत झो.पु. बनाउन सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं १६८**
छाँयानाथ र ऋणमोक्ष मन्दिर निमाण मांग्री गाउ देखी विसेपानी पर्यटन मार्ग निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं १६९**
मुगु जिल्लालाइ रासायनिक मल मुक्त जिल्ला, अगार्निक जिल्ला घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं १७०**
४ भेगका २४ बटै गाविसलाइ अध्ययन गरि विभिनन प्रजातिका फलफूल लगाउन एक घर एक बगैचा अभियान संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं १७१**
पर्यटक पर्वध्दन गर्न विभिन्न महोत्सब गर्ने र VISIT RARA अभियान संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं १७२**
सिंचाइः मवौटा घट्ट देखि खाडा ज्यूला सिंचाइ योजना निर्माण गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं १७३**
श्रीनगर ४ त्रीवेणी घट्ट झो पु र श्रीनगर ४ आर्यघाट धर्मशाला, शिव मन्दिर निर्माण गुम्गाउ चौर रारा निमार्ण गर्ने निर्णय गरियो ।

**निर्णय नं १७४**
लहदेखि गोठ खोला सम्म गोरेटो वाटो, उपस्वस्थ्य चौकी गिलाहा, जलविध्धुत रूम खोला, रूम खोला गिलाहा काठेपुल निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं १७५**
आ.ब. २०६९।०७० मा कर्णाली रोजगार कार्यक्रम बाट गा.वि.स.हरुलाई दिएको रकमको खर्च को ले.प. हुदाँ बेरुजु औल्याएकोमा गा.वि.स.को लेखापरिक्षण भई प्रतिवेदन समेत प्राप्त भएकोले उक्त औल्याइएको बेरुजु रकम २७७५६२०१।- समर्थन गर्ने र सम्परिक्षणका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं १७६**
आ.ब २०६८।०६९मा कर्णाली रोजगार कार्यक्रमबाट एक घर एक शौचालयमा खर्च भएको रकम बेरुजु औल्याएको रु ३२२७९१७५।- को गा.वि.स.को लेखापरिक्षण गरि प्रतिवेदन प्राप्त भएकोले सो शौचालय बनाई ODF समेत घोषणा भएकोले उक्त रकम लाई खर्च समर्थन गरि सम्परिक्षणका लागी पेश गर्ने निर्णय गरियो ।